annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २४, अंक १२२ पृष्ठ ८ | काठमाडौं, शुक्रबार १३ भदौ २०८२ | भाद्र शुक्लपक्ष षष्ठी नेपाल संवत् ११४५ | FRIDAY, AUGUST 29, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## कहाँ होलान् त्रिशूलीमा बगेकाहरू ?

पूर्व-पश्चिम नेपाललाई संघीय राजधानी काठमाडौंसँग जोड्ने नारायणगढ-मुग्लिन सडकखण्डको लम्बाइ छ- ३६ किलोमिटर मात्रै । त्रिशूली नदीको किनारै-किनार रहेको यो राजमार्ग भएर दैनिक १० हजार बढी सवारी साधन गुड्छन् । कतिबेला कुन सवारी नदीमा खस्छन्, पत्तै हुँदैन । सवारीसँगै यात्रु पनि फेला पर्दैनन् । नदीले उनीहरूलाई कहाँ लैजान्छ ? आजसम्म यकिन पत्ता लागेको छैन ।

**केशरराज क्षेत्री** | *बुटवल*

**– को रिपोर्ट**

समाचार पृष्ठ २




## ओली र मोदीले एउटै मञ्चमा सम्बोधन गर्ने

**काठमाडौं** (अन्नपूर्ण) : प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले चीनमा आयोजना हुने कार्यक्रमको एउटै मञ्चमा सम्बोधन गर्ने भएका छन्। चीनको तियानजिनमा हुन लागेको सांघाई कोअपरेसन अर्गनाइजेसन सम्मेलनका क्रममा ओली र मोदीले सम्बोधन गर्न लागेका हुन्। प्रधानमन्त्री ओली र मोदी दुवै जनाले भदौ १६ गते सम्बोधन गर्ने कार्यक्रम छ। त्यसका लागि प्रधानमन्त्री ओली शनिबार ५ दिने भ्रमणका लागि चीन जाँदैछन्।




## ग्रीन हाइड्रोजन इन्धन उत्पादन गरिने

### अध्ययनको जिम्मा कोरियाली कम्पनीलाई

**सुनिता कार्की** | *काठमाडौं*

हाइड्रोजनबाट इन्धन निकाल्नका लागि अध्ययन हुने भएको छ। २०६५ सालमा नै नेपालले हाइड्रोजन इन्धनको अध्ययन गरेको थियो। अध्ययनको करिब १७ वर्षपछि ग्रीन हाइड्रोजन इन्धन उत्पादनका लागि नै काम सुरु भएको छ। सरकारले कोरियाली कम्पनीसँग ग्रीन हाइड्रोजन इन्धन उत्पादनका लागि सम्झौता गरेको छ।

सरकारले करिब २० मेगावाट विद्युत् खर्च गरेर हाइड्रोजन इन्धन उत्पादन गर्ने गरी विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन (डीपीआर)को तयारी अघि बढाइएको हो। नेपाल सरकार, लगानी बोर्ड तथा दक्षिण कोरियाली कम्पनी जि-फिलोसबीच नेपालमा ग्रीन हाइड्रोजन प्लान्ट तथा फ्युल सेल स्थापना गर्ने समझदारी भएको छ। त्यसका लागि पहिला डीपीआर तयार गर्नुपर्ने छ।

प्रस्ताव कम्पनीको प्रारम्भिक अध्ययनअनुसार आयोजनाको लागत करिब ६ अर्ब रुपैयाँ अनुमान गरिएको बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले जानकारी दिए। प्रारम्भमा थोरैबाट सुरु गर्ने र सम्भाव्यता अध्ययनपछि सम्भावना भए धेरै हाइड्रोजन इन्धन उत्पादनको योजना




रहेको छ। समझदारीपत्रमा लगानी बोर्डका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवाली तथा प्रस्तावक कम्पनी जि-फिलोसका तर्फबाट प्रमुख कार्यकारी अधिकृत गा वु पार्कले बिहीबार हस्ताक्षर गरे।

समझदारीअनुसार प्रस्तावक कम्पनीले बोर्डबाट सर्वेक्षण अनुमतिपत्र प्राप्त गरेपछि डीपीआर अध्ययन प्रतिवेदन तयार गर्नेछ। उक्त प्रतिवेदन करिब १० महिना भित्रमा बोर्डमा पेस गर्नेछ।

प्रस्तावक कम्पनीले यही वैशाख १५ मा बोर्डमा ग्रीन हाइड्रोजन तथा फ्युल सेल प्लान्ट स्थापना, विकास तथा सञ्चालनका लागि प्रस्ताव पेस गरेको थियो। कम्पनीले नेपालमा सार्वजनिक-निजी साझेदारी ढाँचामा आयोजना अघि बढाउन प्रस्ताव गरेको हो। उक्त प्रस्तावमाथि बोर्डको ६३औं बोर्ड बैठकले प्रस्तावक कम्पनीसँग समझदारी गरी सर्वेक्षण अनुमति प्रदान गर्ने निर्णय गरेको थियो।

बाँकी पृष्ठ ३

